## बैठक संख्याः-

आज मिति २०७८/०५/११ गते शुक्रवार श्रीमान प्रमुख जिल्ला अधिकारी श्री राजेन्द्रदेव पाण्डेज्यूको संयोजकत्वमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC)को बैठक तपसिल बमोजिमका पदाधिकारीहरूको उपस्थितिमा बसी देहायका निर्णयहरू गरियो ।

### उपस्थितिः

| क्र.स. | पद | नाम,थर | संयोजक,सदस्य | कार्यालय | दस्तखत |
|---|---|---|---|---|---|
| १. | प्र.जि.अ. | श्री राजेन्द्रदेव पाण्डे | अध्यक्ष | जि.प्रशासन का. | |
| २. | जि.स.अ. | श्री हरि दत्त भट्ट | सदस्य | जिल्ला समन्वय समिति | |
| ३. | गुल्मपति | श्री खिल वहादुर राना | सदस्य | हनुमानध्वज गुल्म | |
| ४. | प्र.ना.उ. | श्री रमेश वहादुर पाल | सदस्य | जि.प्र.कार्यालय | |
| ५. | स.प्र.ना.उ. | श्री गणेश बहादुर शाह | सदस्य | स.प्र.बल, नं. ५१गुल्म | |
| ६. | प्र.अ.अ. | श्री देवेन्द्र कुमार थापा | सदस्य | राष्ट्रिय अनुसन्धान जिल्ला का. | |
| ७. | नि.मे.सु. | डा.चैतन्य जोशी | सदस्य | जिल्ला अस्पताल | |

अन्य आमन्त्रित

श्री चन्दन सुवेदी नि. स्वास्थ्य प्रमुख आमन्त्रित सदस्य स्वास्थ्य कार्यालय ।

श्री नरेन्द्र प्रसाद अवस्थी ईकाइ प्रमुख शिक्षा विकास तथा समन्वय इकाइ

श्री खगेन्द्र भारती प्र.अ. श्री जिल्ला प्रशासन कार्यालय, वैतडी ।

निर्णय नं.१-

- सार्वजनिक सेवाप्रवाह गर्दा नेपाल सरकारद्धारा तोकिएको समाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने कार्यलाई निरन्तरता दिने ।
- पसल व्यवसायहरु बिहान ६:०० बजे देखि बेलुका ७:०० बजे सम्म संञ्चालन गर्ने । साथै, हरेक महिनामा पसल व्यावसायीहरूले अनिवार्य Antigen तथा PCR परिक्षण गर्ने कार्यलाई निरन्तरता दिने ।
- Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य सस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।
- कोभिड-१९ विरुद्धको खोप स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी सञ्चालन गर्न आवश्यक सहयोग तथा सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिने ।
- जनस्वास्थ्यका मापदण्डको पूर्ण परिपालना गरी सार्वजनिक एवं निजि सवारी साधनहरुले सिट क्षमता भन्दा वढी यात्रु नबोक्ने गरी संचालन गर्ने कार्यलाई निरन्तरता दिने ।
- सार्वजनिक एवं निजि सवारी साधनहरूको हकमा सवारी चालक र सहचालकले अनिवार्य रुपमा महिनामा एकचोटी Antigen तथा PCR परिक्षण गर्ने ।
- होटल रेस्टुरेन्टहरुले समाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गरी सञ्चालन गर्न सक्ने ।

- कुनै पनि व्यक्ति अति आवश्यक काममा बाहेक अन्य अवस्थामा घर बाहिर हिडडुल नगर्ने ।
- खुला स्थानमा मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, मेलापर्व, (गौरा पर्व, तिज, जात आदी) महोत्सव, भोजभतेर आदि गर्न गराउन नपाईने कार्यलाई निरन्तरता दिने ।
- गोष्ठी, तालिम, वैठक, समिक्षा, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट मात्र गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा वढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण परिपालना हुने गरी संचालन गर्ने ।

निर्णय नं.२-

चाडपर्वलाई मध्यनजर गरी बजारमा हुनसक्ने कालोबजारी नियन्त्रण गर्न तथा कृत्रिम अभाव सिर्जना गरी आवश्यकता भन्दा वढी सामान राखेको, अवधि समास भएको औषधी वा सामान राखेको वा विक्री वितरण गरेको वा निर्धारित मूल्य भन्दा वढी मूल्यमा औषधी वा सामान विक्रि गर्नेहरुलाई प्रचलित कानून वमोजिम कारवाहीमा थप प्रभावकारी बनाउनको लागि स्थानीयतहहरुबाट नियमित अनुगमनलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.३-

जिल्लास्थित स्थानीयतहहरुले आ-आफनो क्षेत्र भित्रका विद्यालयहरुमा स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी वैकल्पिक सिकाई निर्देशिका २०७७ र विद्यालय सञ्चालन कार्य ढांचा २०७७ वमोजिम विद्यालयले हाललाई वैकल्पिक विधि पालिकाको निर्णयानुसार उपयुक्त विधि अपनाई अध्यापन गर्ने गराउने व्यवस्था गर्न सवै स्थानीयतहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।